# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २८ गते ०८ साल

भाग ६

## स्थानीय स्वायत्त शासनमन्त्रालयको सूचना

०८।१०।२५

सर्वसाधारणको ज्ञानको निमित्त काटमाडौं सहरको ब्लक ब्लकको जनसंख्या यहाँ प्रकाशित गरिएको छ।

| ब्लक नम्बर | जनसंख्या | ब्लक नम्बर | जनसंख्या |
|---|---|---|---|
| १ | २३३८ | १२ | ६७१४ |
| २ | १६३८ | १३ | ६४३२ |
| ३ | १६३६ | १४ | ६२६५ |
| ४ | ६१२१ | १५ | ४७८५ |
| ५ | ६५२८ | १६ | ५०७८ |
| ६ | ३६५५ | १७ | २८६६ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9165

| | | | |
|---|---|---|---|
| ७ | ६७३७ | १८ | ११५८ |
| ८ | ४१६१ | १९ | ४५७५ |
| ९ | ६१३६ | २० | ५४३१ |
| १० | ३५८४ | २१ | ६२१७ |
| ११ | ६१११ | बेनम्बर | १८०८ |

जम्मा जनसंख्या १०६६८०

माथि लेखिएको जनसंख्याबाट सबैलाई ज्ञात हुनुपर्दछ कि २ नम्बर ब्लकको जनसंख्या १६३८ मात्र र २१ नम्बर ब्लकको जनसंख्या ६२१७ सम्म पुगेको छ. ब्लक ब्लकको विभाजनमा वैज्ञानिक आधारमा नभएको देखिनाले ब्लक-ब्लकको पुनर्विभाजन गर्न अत्यावश्यक परेको छ. यही तरह ललितपुर र भक्तपुर सहरहरूको ब्लक ब्लकको जनसंख्यामा धेरै फरक भएकोले र एउटा ब्लक अर्को ब्लकबाट वैज्ञानिक ढंगबाट नछुट्टिएकोले तीनै सहरहरूमा ब्लकहरूको पुनर्विभाजन नगरी नगर पञ्चायतको चुनाव गर्न मुनासिब नपरेको हुनाले हाल केही समयको निमित्त ब्लकहरूको पुनर्विभाजन नभएसम्म नगर पञ्चायतको चुनाव स्थगित गरिएको छ। यसै अवधिभित्र हाल कायम रहेका नगर पञ्चायतसम्बन्धी ऐन सवाल सनदहरूमा पनि उचित संशोधन गरिने आशा गरिएको छ।

ब्लकहरूको पुनर्विभाजन भएर नगर पञ्चायती ऐन सवाल सनदहरूमा समेत चाहिने संशोधन भएपछि तीनै सहरको नगर पञ्चायतहरूको चुनावको काम सुरू गरिनेछ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिक्ता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।